# आकाशवाणी समाचार- नेपाली

मितिः २५ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**<u>मुख्य समाचार</u>**

- रक्षा मंत्री राजनाथ सिंहले राजस्थानको जैसलमेरमा सेना कमांडरहरुको सम्मेलनको अध्यक्षता गर्दै भारतीय सेनाको परिचालन क्षमताहरुलाई बढ़ाउने रणनीतिहरु माथि विचार-विमर्श गर्नुभयो।

- निर्वाचन आयोगले बिहार विधानसभा चुनाव पुर्ब प्रचारमा आर्टिफिशिलय इंटेलीजेंस-एआई अनि सिंथेटिक सामग्रीको उपयोग बारे कडा नियमहरुको रूपरेखा तैयार पर्दै नया परामर्श जारी गरेको छ।

- देशको विदेशी मुद्रा भंडार लगभग साढे चार अरब डॉलर बढेर 702 अरब डॉलर भन्दा अधिक भएको छ।

- चारदिने सुर्यको उपासना पर्व छठ पर्व आजदेखि आरम्भ भएको छ।

- ओडिशा सरकारले बंगालको खाड़ीमा संभावित चक्रवाती तूफानलाई ध्यानमा राख्दै सोमवार सम्म सबै जिल्ला प्रशासन अनि विभागलाई हाई अलर्टमा राखेको छ।

**<u>राजनाथ - सेना कमांडर</u>**

रक्षा मंत्री राजनाथ सिंहले राजस्थानको जैसलमेरमा सेना कमांडरहरुको सम्मेलनको अध्यक्षता गर्नुभयो। सेना कमांडरहरुको सम्मेलन सेनाका वरिष्ठ नेतृत्वको लागि सुरक्षा स्थितिको आकलन गर्न , परिचालन प्राथमिकताहरु माथि विचार-विमर्श गर्न अनि महत्वपूर्ण नीतिगत निर्णय लिनको लागि एक उच्च-स्तरीय संस्थागत मंच हो। चीफ ऑफ डिफेंस स्टाफ – CDS जनरल अनिल चौहान सित रक्षा मंत्रीले वर्तमान सुरक्षा परिदृश्यको समीक्षा गर्नुभयो अनि भारतीय सेनाको परिचालन क्षमताहरुलाई बढ़ाउने रणनीतिहरु माथि विचार-विमर्श गरे।सम्मेलनको अवधि रक्षा मंत्रीले सेना अनि उनीहरुका परिवारको सहायताको लागि *नमन केंद्र, सैनिक यात्री मित्र ऐप अनि उपकरण हेल्पलाइन ऐप को* शुभारंभ गर्नुभयो। सम्मेलन भन्दा पुर्ब उहाले तनोट माता मंदिरमा पूजा-अर्चना गर्नुभयो , पारंपरिक अनुष्ठानहरुमा भाग लिनुभयो अनि मंदिर परिसरमा राखिएको 1965 को भारत-पाकिस्तान युद्धका अप्रयुक्त बमहरुको निरीक्षण गर्नुभयो।

**<u>निर्वाचन आयोग-परामर्श</u>**

निर्वाचन आयोगले बिहार विधानसभा चुनाव पुर्ब प्रचारमा आर्टिफिशिलय इंटेलीजेंस-एआई अनि सिंथेटिक सामग्रीको उपयोग बारे कडा नियमहरुको रूपरेखा तैयार पर्दै नया परामर्श जारी गरेको छ। आयोगले राजनीतिक दलहरु , उम्मीदवारहरु अनि अभियान प्रतिनिधिहरुसित भनेको छ कि उनीहरुले प्रचारका लागि प्रयोग वा प्रसारित कुनै पनि कृत्रिम रूपले उत्पन्न वा एआई-परिवर्तित छवि, ऑडियो वा वीडियोलाई एआई-जनरेटेड, डिजिटल रूपले संवर्धित वा सिंथेटिक सामग्रीको रूपमा लेबल गरुन जसले दृश्य प्रदर्शन क्षेत्रको कम्तिमा पनि 10 प्रतिशतलाई कवर गरोस्। आयोगले यस्तो कुनै पनि सामग्रीलाई प्रकाशित वा अग्रेषित गर्न माथि पनि रोक लगाउन भनेको छ जो गैरकानूनी छ , कुनै व्यक्तिको पहचान, रूप-रंग वा आवाज़लाई उसको सहमति बिना गलत ढंगमा प्रस्तुत गरिएको छ अनि जसको उद्देश्य मतदाताहरुलाई भड्काउने वा धोखा दिने छ। आयोगले यस्तो कुनै पनि सामग्रीलाई 3 घण्टा भित्र हटाउनु अनिवार्य गरेको छ। राजनीतिक दलहरुले सबै एआई-जनित प्रचार सामग्रीको आंतरिक रिकॉर्ड पनि राख्नु पर्नेछ।

<u>बिहार चुनाव - युवा मतदाताहरू</u>

बिहार विधानसभा चुनावमा मतदान प्रतिशत बढाउन पहिलो पटक मतदान गर्ने र युवा मतदाताहरूलाई विशेष ध्यान दिइँदैछ। अपर मुख्य निर्वाचन अधिकारी प्रशान्त कुमारले आकाशवाणी समाचारसँगको एक विशेष अन्तर्वार्तामा भन्नुभयो, स्वीप अन्तर्गत विभिन्न मतदाता जागरूकता गतिविधिहरू सञ्चालन भइरहेको छ। उहाँले भन्नुभयो युवा मतदाताहरूलाई प्रेरित र संलग्न गराउन सेल्फी पोइन्टहरू स्थापना गर्ने र र्‍याप गीतहरूको प्रचार गर्ने जस्ता कार्यक्रमहरू प्रयोग भइरहेको छ। श्री प्रशान्त कुमारले भन्नुभयो , समाजका विभिन्न वर्गहरूको सहभागितालाई प्रोत्साहित गर्न महिला, दिव्यांगजन र युवा अधिकारीहरूद्वारा व्यवस्थित मतदान केन्द्रहरू स्थापना गरिने छ। उहाँले भन्नुभयो, नक्कली समाचार, गलत सूचना र एआई-उत्पन्न सामग्रीको नजिकबाट निगरानी गर्न छुट्टै सामाजिक सञ्जाल अनुगमन टोलीहरू गठन गरिएको छ।

**सरकार-एन.पी.एस. यू.पी.एस**

सरकारले केंद्र सरकारका कर्मचारिहरुलाई अब राष्ट्रीय पेंशन प्रणाली- एन.पी.एस. अनि एकीकृत पेंशन योजना- यू.पी.एस. अंतर्गत लाइफ साइकिल-**एलसी 75 अनि** बैलेंस्ड लाइफ साइकिल-बी.एल.सी. जस्ता निवेश विकल्पहरुको विस्तारलाई स्वीकृति दिएको छ। यो कदम ती कर्मचारिहरुको लामो समय देखि चल्दै आईरहेको मांगको अनुरूप हो जसले चाहन्थे कि उनीहरुलाई पनि निजी क्षेत्र सरह निवेशको अधिक लचीलो विकल्प प्राप्त होस्। यी विकल्पहरुको उद्देश्य रिटायरमेंट प्लानिंगमा लचीलोपन बढ़ाउनु अनि कर्मचारिहरुलाई आफ्नो निवेशबारे आफ्नो रुची अनि खतराको क्षमता अनुसार प्रबंधित गर्नमा स्वतन्त्रता दिनु हो।

केन्द्र सरकारका कर्मचारीहरुले यू.पी.एस. अनि एन.पी.एस. अन्तर्गत अब डिफॉल्ट ऑपशन जस्ता बिभिन्न निवेश विकल्पहरु चुन्न सक्नेछन्। यस निर्णयले प्रमुख लाभ प्राप्त हुनेछ जस्तै अधिक लचीलोपन अनि विकल्प, ग्लाइड पाथ मैकेनिज्म, विस्तृत ऑटो चॉइस विकल्प अनि सूचित योजनाको लागि समर्थन।

**विदेशी मुद्रा भंडार**

देशको विदेशी मुद्रा भंडार लगभग साढे चार अरब डॉलर बढेर 702 अरब डॉलर भन्दा अधिक भएको छ। रिज़र्व बैंक द्वारा जारी साप्ताहिक सांख्यिकीय अनुपूरक अनुसार, बितेको सप्ताहको अवधि स्वर्ण भंडार पनि लगभग 6 अरब 20 करोड डॉलर बढेर 108 अरब डॉलर भन्दा अधिक भएको छ। यसै बीच, विदेशी मुद्रा परिसंपत्तिहरु 1 अरब 70 करोड डॉलर घटेर 570 अरब अमरीकी डॉलरमा आएको छ। यसै अवधिमा अंतर्राष्ट्रीय मुद्रा कोषमा भारतीय केंद्रीय बैंकको हिस्सेदारी तीन करोड डॉलर घटेर 4 अरब 62 करोड डॉलर रहेको छ।

**सांख्यिकी मंत्रालय - मसौदा विधेयक**

सांख्यिकी अनि कार्यक्रम कार्यान्वयन मंत्रालयले भारतीय सांख्यिकी संस्थान विधेयक, 2025 को मसौदा माथि टिप्पणिहरु वा सुझाव प्रस्तुत गर्ने समय-सीमा बढ़ाउने घोषणा गरेको छ। तीन नवम्बर सम्म सुझाव पठाउन सकिनेछ। मसौदा मंत्रालयको वेबसाइटमा उपलब्ध छ। यसको उद्देश्य भारतीय सांख्यिकी संस्थानलाई पंजीकृत संस्थाबाट एक वैधानिक निकायमा परिवर्तित गरेर संस्थागत दर्जा बढ़ाउनु हो।

**छठ पूर्व**

चारदिने सुर्यको उपासना पर्व छठ पर्व आजदेखि आरम्भ भएको छ। आज खरना हो अर्थात नहाय- खाय गरी महिलाहरूले विना अन्न जल ग्रहण गरि 28 तारिख बिहान सुर्योदय सम्म उपवास बसेर महाव्रत गर्नेछन्। यसै बीच बिहारमा चार दिनको आस्था महापर्व छठ आज नहाय-खाय सित शुरू भएको छ। यो पर्व सूर्य देवलाई समर्पित छ जो प्रकृतिको पूजा अनि स्वच्छताको प्रतीक हो। पवित्र व्रतको संकल्प लिएर पहिलो दिन व्रतीहरु पवित्र स्नान गर्दछन् अनि अर्घ्य दिए पछि अरवा चावल अनि लौकाको सब्जीको सादा भोजन गर्द्चन। पर्वको दोस्रो दिन खरना पालन गरिन्छ। खरना प्रसाद ग्रहण गरेपछि 36 घन्टाको निर्जला व्रत शुरू गरिन्छ। सोमवार विभिन्न नदिहरु अनि जलाशयहरुको किनारमा स्थित छठ घाटहरुमा डूबदै गरेको सूर्यलाई अर्घ्य दिईने गरिन्छ। मंगलवार उउदाउदै गरेको सूर्यलाई अर्घ्य दिईनछ अनि यसको साथै चार दिवसीय छठ पर्वको समापन हुनेछ।

**जीएसटी सुधार -आवास**

वस्तु अनि सेवा कर बचत उत्सवको लाभ समाजका सबै बर्गहरु सम्म पुगिरहेको छ। प्रधानमंत्री नरेन्द्र मोदीले गत 22 सितंबरमा यसको शुरूआत गर्नुभएको थियो। आज हामी बताउने छौ कि कसरी आवास क्षेत्रमा नयाँ जीएसटी दरहरुले नागरिकहरुलाई मदत गरिरहेको छ।

**BYTE**

**आईसीजी-पोत**

भारतीय तटरक्षक बल- आई सी जी ले गोवा शिपयार्ड लिमिटेडमा दुई आधुनिक तीव्र गश्ती पोत- आईसीजी **अजीत** अनि **अपराजितको** जलावतरण गरेको छ। रक्षा मंत्रालयले बताए अनुसार यी पोतहरु स्वदेश निर्मित आठ तीव्र गश्ती पोतहरुको श्रृंखलामा सातऔ अनि आठऔ हो। लगभग 320 टन वजन भएका यी जहाजहरुमा उत्कृष्ट गतिशीलता अनि प्रणोदन क्षमता रहेको छ। यी जहाजहरु मत्स्य संरक्षण, तटीय गश्त, तस्करी-रोधी, समुद्री डकैती-रोधी अनि खोज तथा बचाव अभियानहरु सहित बहु-मिशन भूमिकाहरुमा सक्षम छन्।

**ओडिशा - चक्रवाती तूफान हाई अलर्ट**

ओडिशा सरकारले बंगालको खाड़ीमा संभावित चक्रवाती तूफानलाई ध्यानमा राख्दै सोमवार सम्म सबै जिल्ला प्रशासन अनि विभागलाई हाई अलर्टमा राखेको छ। राजस्व अनि आपदा प्रबंधन मंत्री सुरेश पुजारीले भूवनेश्वरमा भन्नुभयो - आपदा सित जुझ्नको लागि पर्याप्त राहत सामग्रीको व्यवस्था गरिएको छ अनि सबै जिल्ला कलेक्टरहरुलाई हाई अलर्टमा राखिएको छ। मौसम विभागका अनुसार, दक्षिण-पश्चिम बंगालको खाड़ीको माथिल्लो भागमा बनेको निम्न दबावको क्षेत्र आज पश्चिम-उत्तर-पश्चिम तर्फ बढेर दक्षिण-पूर्व अनि त्येसको नजिक मध्य बंगालको खाड़ीको माथिल्लो भागमा कम्ति दबावको क्षेत्रमा परिवर्तित हुन सक्छ। यसको कारण भोली सम्म गहिरो दबावको क्षेत्रमा अनि सोमवार सम्म दक्षिण-पश्चिम अनि पश्चिम-मध्य बंगालको खाड़ीको माथिल्लो क्षेत्रमा एक चक्रवाती तूफानमा परिवर्तित हुने संभावना छ। मौसम विभागले सोमवार देखि शुरू भएर तीन दिन सम्म ओडिशाको बिभिन्न जिल्लाहरुमा मूसलधारे वर्षा हुने अनुमान व्यक्त गरेको छ।

****** ० ******